# नेपाल राष्ट्र बैंक सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५

टक्सार महाशाखाबाट गर्ने सुनचाँदी तथा अन्य धातुको खरिद, चलनचल्तीको सिक्का बाहेकको अन्य टकमरी र बिक्री गर्ने कार्यलाई व्यवस्थित गर्न वान्छनीय भएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी गभर्नरबाट यो कार्यविधि बनाइएको छ ।

१. यो कार्यविधिको नाम "**सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५**" रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।[1]

३. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त भएको गभर्नर सम्झनु पर्छ ।

(ग) "टकमरी" भन्नाले यस कार्यविधि बमोजिम स्मारिका सिक्का, मेडालियन, असर्फी तथा पदकको टकमरी गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "टकमरी सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिम गठित टकमरी सिफारिस समिति सम्झनु पर्छ ।

(ङ) "डिजाइन समिति" भन्नाले नियमावलीको नियम १० बमोजिम गठित नोट तथा सिक्का डिजाइन समिति सम्झनु पर्छ ।

---

[1] गभर्नरबाट मिति २०७५/०५/०३ मा स्वीकृत भए बमोजिम सोही मितिबाट लागू भएको ।

(च) “नियमावली” भन्नाले नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९ सम्झनु पर्छ ।

(छ) “पदक” भन्नाले दफा ९ बमोजिम टकमरी गरिने पदक सम्झनु पर्छ र सो शब्दले दफा ५ को खण्ड (ग) बमोजिमका संस्था वा निकायहरूको अनुरोधमा टकमरी गरिने तक्मा, ब्याज, टोकन, सम्बन्धित संस्थाको लोगो अंकित सुनचाँदीका सिक्का वा मेडल समेतलाई जनाउँदछ ।

(ज) “बैंक” भन्नाले ऐन अन्तर्गत स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(झ) “मेडालियन” भन्नाले आभूषण, सजावट, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरूको प्रबर्द्धन गर्ने उद्देश्यले यस कार्यविधिको दफा ६ बमोजिम टकमरी गरिने मेडालियन सम्झनु पर्छ ।

(ञ) “महाशाखा” भन्नाले विभाग अन्तर्गत रहेको टक्सार महाशाखा सम्झनु पर्छ ।

(ट) “विनियमावली” भन्नाले नेपाल राष्ट्र बैंक खरिद (संशोधन सहितको) विनियमावली, २०७१ सम्झनु पर्छ ।

(ठ) “विभाग” भन्नाले बैंक अन्तर्गत रहेको मुद्रा व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ड) “समिति” भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(ढ) “स्मारिका सिक्का” भन्नाले चाँदी लगायत अन्य धातु वा धातुहरू सम्मिश्रण गरी यस कार्यविधिको दफा ५ मा उल्लेखित बिशेष अवसरमा बैंकले निष्कासन गरेको स्मारिका सिक्का सम्झनु पर्छ ।

(ण) सार्वजनिक निकाय भन्नाले “सार्वजनिक खरिद ऐन, २०६३” को दफा २ मा उल्लेख भए बमोजिमका सार्वजनिक निकाय सम्झनु पर्छ ।[२]

---

[२] मिति २०७५/०९/०८ को निर्णय अनुसार थप गरिएको ।

४. **सुनचाँदी तथा अन्य धातु खरिद गर्ने** : (१) यस कार्यविधि बमोजिमको काम कारबाहीका लागि आवश्यक पर्ने सुनचाँदी तथा अन्य धातु प्रचलित ऐन तथा विनियमावलीमा तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गरी स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारबाट खरिद गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम खरिद गरिने सुन तथा चाँदीको गुणस्तर ९९९.९ टचको हुनु पर्नेछ ।

(३) सार्वजनिक निकायबाट अनुरोध भई आएको अवस्थामा त्यस्ता निकायबाट समेत सुनचाँदी खरिद गर्न सकिनेछ ।[३]

(४) उपदफा (३) बमोजिम प्राप्त हुने सुनचाँदीलाई आन्तरिक लेखापरीक्षण विभाग, वित्त व्यवस्थापन विभाग र नेपाल सरकारको सम्बन्धित कार्यालयका प्रतिनिधिहरूको रोहवरमा गलान गरी आस्से परीक्षणबाट कायम हुन आएको गुणस्तरका आधारमा मूल्य निर्धारण गरी खरिद गर्न सकिनेछ ।

(५) उपदफा (४) को प्रयोजनका निमित्त सुनचाँदीको खरिद मूल्य निर्धारण गर्दा आस्से परिक्षणबाट कायम हुन आएको गुणस्तरको आधारमा गलान गरेको दिनको अन्तर्राष्ट्रिय बजार मूल्यले हुन आउने रकममा विनियमावलीमा तोकिए बमोजिमको रकम थप गरी निर्धारण गर्नु पर्नेछ ।

(६) उपदफा (५) को प्रयोजनको निमित्त सुन वा चाँदी गलान गरेको दिन बैंकले प्रकाशन गरेको अमेरिकी डलरको खरिद दरलाई आधार लिनु पर्नेछ ।

५. **स्मारिका सिक्का टकमरी गरी बिक्री गर्ने** : (१) चाँदी लगायत अन्य धातु वा धातुहरू सम्मिश्रण गरी देहाय अनुसारको स्मारिका सिक्का टकमरी गरी **महाशाखाले बिक्री गर्न सक्नेछ**[४] :-

---

[३] मिति २०७५/०९/०८ को निर्णयानुसार संशोधन गरिएको ।

(क) राष्ट्रिय विभूति वा नेपाल सरकारबाट अनुरोध भई आएका व्यक्तित्वसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

(ख) राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वको कुनै विशेष दिन, वर्ष, अवसर, कार्यक्रम वा उपलब्धीसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

(ग) सार्वजनिक निकायको विशेष दिन, वर्ष, अवसर, कार्यक्रम वा उपलब्धीसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।[५]

(घ) नेपालको आर्थिक, सामाजिक वा सांस्कृतिक क्षेत्रमा क्रियाशील रही योगदान पुऱ्याउँदै आएको कुनै कम्पनी, संघ, संस्थाको कुनै विशेष दिन, वर्ष, अवसर, कार्यक्रम वा उपलब्धीसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

(२) उपदफा (१) बमोजिमको कुनै स्मारिका सिक्का एक पटक निश्चित संख्यामा टकमरी गरे पश्चात् सोही स्मारिका सिक्का पुनः टकमरी गरिने छैन ।

तर, टकमरी भइरहेको समयमा नै त्यस्ता स्मारिका सिक्काको माग अत्याधिक हुने देखिएमा गभर्नरले तोकेको संख्यामा पुनः एक पटकका लागि मात्र टकमरी गर्न बाधा पुगेको मानिने छैन ।[६]

(३) टकमरी गरिने स्मारिका सिक्का अंकित मूल्यमा बिक्री गर्नु पर्नेछ ।

तर, टकमरी गरिएको स्मारिका सिक्का बिक्री नभई बाँकी रहेको अवस्थामा त्यस्तो स्मारिका सिक्काको टकमरी गरिएको मितिले दश वर्षमा पुनरमूल्यांकन गरी नयाँ बिक्री मूल्य कायम गर्नु पर्नेछ ।

---

[४] मिति २०७७।०२।१६ को निर्णयानुसार संशोधन गरिएको ।

[५] मिति २०७५/०९/०८ को निर्णयानुसार संशोधन गरिएको ।

[६] मिति २०७६/०५/१२ को निर्णयानुसार संशोधन गरिएको ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि स्मारिका सिक्काको वर्तमान बिक्री मूल्य भन्दा सो सिक्कामा प्रयोग गरिएको धातुको प्रचलित स्थानीय बजार मूल्य प्रति ग्राम बीस रुपैयाँ भन्दा कम भएको अवस्थामा बढीमा पन्ध्र दिनसम्म बिक्री बन्द गर्नु पर्नेछ । तर पन्ध्र दिन नपुग्दै फरक मूल्य पुनः बीस रुपैयाँ वा सो भन्दा बढी कायम हुन आएमा बिक्री सुचारु गर्न सकिनेछ ।

(५) उपदफा (४) मा तोकिएको अवधिमा पनि फरक मूल्य बीस रुपैयाँ भन्दा कम नै रही रहेमा सोह्रौं दिन देहाय बमोजिम नयाँ बिक्री मूल्य कायम गरी बिक्री सुचारु गर्नु पर्नेछ ।

(नयाँ बिक्री मूल्य = वर्तमान बिक्री मूल्य + (रु.२० × स्मारिका सिक्काको तौल (ग्राममा))

(६) दफा (३) वा (५) बमोजिम स्मारिका सिक्काको मूल्य निर्धारण गरे पश्चात् सो मूल्य भन्दा कम हुने गरी नयाँ बिक्री मूल्य कायम गर्न पाइने छैन ।

६. **मेडालियन टकमरी गरी बिक्री गर्ने** : (१) चाँदी वा अन्य धातु वा धातुहरू सम्मिश्रण गरी देहाय अनुसारको मेडालियन टकमरी गरी **महाशाखाले बिक्री गर्न सक्नेछ**[७] :-

(क) नेपालको पर्यटन प्रवर्द्धन हुने कुनै विशेष स्थान वा चाडपर्वसँग सम्बन्धित विषयवस्तु अंकित भएको ।

(ख) नेपालको प्राकृतिक सम्पदा, मठमन्दिर, देवीदेवता, पशुपंक्षी, ऐतिहासिक तथा साँस्कृतिक धरोहरको विषयवस्तु अंकित भएको ।

(२) उपदफा (१) बमोजिमका मेडालियन आवश्यकता अनुसार टकमरी गरी बिक्री गर्न सकिनेछ ।

(३) टकमरी गरिने मेडालियनमा अंकित मूल्य खुलाइने छैन ।

(४) मेडालियनको बिक्री मूल्य बैंकले समय समयमा तय गरे बमोजिम हुनेछ ।

७. **असर्फी टकमरी गरी बिक्री गर्ने** : (१) सुनको असर्फी स्वीकृत डिजाइन बमोजिम टकमरी गरी **महाशाखाले बिक्री गर्न सक्नेछ**[८] ।

[७] मिति २०७७।०२।१६ को निर्णयानुसार संशोधन गरिएको ।

(२) उपदफा (१) बमोजिम टकमरी गरिने असर्फीको बिक्री मूल्य देहाय बमोजिम दैनिक रुपले कायम गर्नु पर्नेछ :-

(क) नेपाल सुनचाँदी व्यवसायी महासंघद्वारा प्रकाशित सुनको स्थानीय बजार मूल्य र विदेशी विनिमय व्यवस्थापन विभागबाट उपलव्ध हुने भारतीय बजारको अघिल्लो कारोवार दिनको अन्तिम मूल्य बीचको औसत मूल्य गणना गर्ने ।

(ख) खण्ड (क) बमोजिम गणना गरिएको औसत मूल्य नेपाली बजारको मूल्य भन्दा कम हुन आएमा नेपाली बजारको मूल्यलाई नयाँ आधार मूल्यको रुपमा लिने तर नेपाली बजारको मूल्य भन्दा औसत मूल्य बढी भएमा औसत मूल्यलाई नै नयाँ आधार मूल्यको रुपमा लिने ।

(ग) खण्ड (ख) बमोजिम गणना गरिएको आधार मूल्यमा टकमरी गर्दाको जर्ती लगायतको लागत वापत प्रति ग्राम दुई सय रुपैयाँका दरले रकम थप गरी असर्फीको दैनिक बिक्री मूल्य निर्धारण गर्ने ।

तर, सर्वसाधारण बाहेक संगठित तथा निजी क्षेत्रका संस्थागत खरिदकर्ताबाट प्रयोजन खुलाई न्यूनतम बीस थान असर्फी माग भई आएमा असर्फीको मौज्दात, माग गर्ने संस्थाको आवश्यकता तथा औचित्यताका आधारमा विभागीय निर्णयबाट बिक्री गर्न सकिने । यसरी बिक्री गर्दा खण्ड (ख) बमोजिमको आधार मूल्यमा जर्ती लगायतको लागत वापत प्रति ग्राम तीन सय रुपैयाँ थप गरी बिक्री मूल्य निर्धारण गर्ने ।[९]

८. **कच्चा सुन वा चाँदी सोझै बिक्री गर्ने** : (१) सार्वजनिक निकायबाट माग भई आएमा वा सम्बन्धित सरकारी निकायको सिफारिस सहित कुनै परोपकारी संस्था वा मठमन्दिरबाट सामाजिक वा धार्मिक कार्यमा प्रयोग गर्ने उद्देश्यले माग भई आएमा वा निजी क्षेत्रका

---

[८] मिति २०७७०२१६ को निर्णयानुसार संशोधन गरिएको ।

[९] मिति २०७५/०७/०८ को निर्णयानुसार थप गरिएको ।

'......'[10] संस्था वा व्यवसायीबाट न्यूनतम दुई सय ग्राम माग भई आएमा बैंकले तय गरेको मूल्यमा कच्चा सुनचाँदी तथा अन्य धातु सोझै बिक्री गर्न सकिनेछ ।[11]

(२) उपदफा (१) बमोजिम बिक्री गरिने सुनको बिक्री मूल्य दफा (७) को खण्ड (ग) बमोजिम असर्फीको दैनिक मूल्य निर्धारण गर्दा लिइने आधार मूल्यलाई लिइनेछ भने चाँदीको हकमा नेपाल सुनचाँदी व्यवसायी महासंघले प्रकाशित गरेको सो दिनको बिक्री मूल्यलाई लिइनेछ । अन्य धातुको बिक्री मूल्यको हकमा बैंकले प्रचलित बजार अनुसार तय गरे बमोजिम हुनेछ ।

**(३) उप-दफा (१) बमोजिम निजी क्षेत्रका संस्था वा व्यावसायीहरूलाई सुन चाँदी बिक्री गर्दा त्यस्ता संस्था वा व्यावसायीले देहायको कागजात समावेश गर्नु पर्नेछ ।**[12]

**(क) संस्था दर्ताको प्रमाणपत्र,**

**(ख) सुनचाँदी व्यवसायको कारोबार गर्न प्राप्त इजाजत पत्रको प्रमाणपत्र,**

**(ग) चालु आर्थिक वर्षको प्रथम त्रयमास अवधि सम्ममा सुन चाँदी खरिद गर्न चाहने संस्था वा व्यवसायीले गत आर्थिक वर्ष वा सो भन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्दछ । चालु आर्थिक वर्षको प्रथम त्रयमासको अवधि भन्दा पछि सुन चाँदी खरिद गर्न चाहने संस्था वा व्यवसायीहरूले गत आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र वा कर चुक्ता प्रमाणपत्रको लागि म्याद थप गरिएको सम्बन्धित कर कार्यालयको पत्र र गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्दछ ।,**

**(घ) महाशाखाले तोकेका अन्य कागजातहरू ।**

---

[10] मिति २०७७।०२।१६ को निर्णयानुसार हटाइएको ।

[11] मिति २०७५/०९/०८ को निर्णयानुसार संशोधन गरिएको ।

[12] मिति २०७७।०२।१६ को निर्णयानुसार थप गरिएको ।

**(४) व्यक्ति, फर्म, कम्पनी, संस्था वा सरकारी निकायलाई महाशाखाले टकमरी गरेको असर्फी, स्मारिका सिक्का, मेडालियन वा बहुमूल्य धातुहरूबाट टकमरी गरिएका अन्य उत्पादन महाशाखाले तोकेको मूल्यमा बिक्री गर्न सक्नेछ।**[१३]

**(५) उप-दफा (१) बमोजिम सरकारी निकाय वा परोपकारी संस्था वा मठ-मन्दिर वा धार्मिक संस्थाहरूलाई बिक्री गरिएको सुन चाँदी सम्बन्धित कार्यमा उपयोग गरे नगरेको सम्बन्धमा महाशाखाले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।**[१४]

**(६) महाशाखाले सुन चाँदी खरिद र बिक्री गरेको संक्षिप्त प्रतिवेदन हरेक महिना समाप्त भएपछि अर्को महिनाको सात कार्य दिन भित्र विभागमा पठाइसक्नु पर्नेछ।**[१५]

९. **पदक टकमरी गरी उपलब्ध गराउने** : (१) सार्वजनिक निकायले विशेष अवसरमा वितरण गर्ने पदकहरूको लागि अनुरोध भई आएमा सो बमोजिम टकमरी गरी उपलब्ध गराउन सकिनेछ।[१६]

(२) सम्बन्धित निकायबाट पदकको अनुमानित लागत रकम भुक्तानी प्राप्त भएपछि मात्र टकमरी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम टकमरी गरिने पदकको मूल्य निर्धारण देहाय बमोजिम गर्नु पर्नेछ :

(क) पदक टकमरी गर्दा खर्च भएको सुनको हकमा दफा (७) को खण्ड (ग) बमोजिम असर्फीको दैनिक मूल्य निर्धारण गर्दा लिइने आधार मूल्य, चाँदीको हकमा नेपाल सुनचाँदी व्यवसायी महासंघले सो दिनका लागि प्रकाशित गरेको बिक्री मूल्य र अन्य

---

[१३] मिति २०७७।०२।१६ को निर्णयानुसार थप गरिएको।

[१४] मिति २०७७।०२।१६ को निर्णयानुसार थप गरिएको।

[१५] मिति २०७७।०२।१६ को निर्णयानुसार थप गरिएको।

[१६] मिति २०७५/०९/०८ को निर्णयानुसार संशोधन गरिएको।

धातुको हकमा प्रचलित बजार मूल्यलाई आधार लिई टकमरीमा खर्च भएको धातुको लागत निर्धारण गर्ने । यसरी लागत निर्धारण गर्दा पदक फाँटले टकमरी गरी स्टोर फाँटमा सम्पूर्ण पदक दाखिला गरेको दिनलाई आधार लिई गणना गर्नु पर्नेछ ।

(ख) टकमरी गरिने कुल पदक संख्यालाई चार अंकले भाग गर्दा आउने भागफललाई कुल ज्यामी संख्या मानी सोलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ अनुसार काठमाडौं जिल्लास्थित जिल्ला दर निर्धारण समितिले सम्बन्धित आर्थिक वर्षको लागि निर्धारण गरेको दक्ष आर्टिस्टको दैनिक ज्यालादरले गुणन गरी कुल ज्याला निर्धारण गर्ने ।

(ग) टकमरीमा प्रयोग भएको नयाँ डाईको हकमा छ हजार रुपैयाँ र पुरानो डाईको हकमा तीन हजार रुपैयाँ डाई खर्च निर्धारण गर्ने ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम निर्धारण गरिएको धातुको लागत, ज्याला र डाई खर्च जोडी आउने कुल लागतमा बीस प्रतिशत सरचार्ज थप गरी पदकको कुल बिक्री मूल्य निर्धारण गर्ने ।

१०. **प्रयोग हुने धातु तथा सोको गुणस्तर तय गर्ने :** यस कार्यविधि बमोजिम सुनचाँदी खरिद, टकमरी तथा बिक्री गर्दा प्रयोग हुने धातु र सोको गुणस्तर देहाय अनुसार हुनेछ ।

(क) स्मारिका सिक्काको हकमा निर्णयानुसारको धातु र गुणस्तर ।

(ख) मेडालियनको हकमा ९९९ टचको चाँदी ।

(ग) असर्फीको हकमा ९९९ टचको सुन ।

(घ) पदकको हकमा माग बमोजिमको धातु र गुणस्तर ।

(ङ) दफा ४ को उपदफा (१) बमोजिम सुनचाँदी खरिद गर्दा ९९९.९ टच ।

(च) दफा (४) को उपदफा (४) बमोजिम सुनचाँदी खरिद गर्दा जुनसुकै गुणस्तर ।

(छ) कच्चा सुनचाँदी बिक्रीको हकमा ९९९ टच भन्दा कम गुणस्तर ।

११. **टकमरी सिफारिस समिति** : (१) यस कार्यविधि बमोजिमको स्मारिका सिक्का, मेडालियन तथा असर्फी टकमरी कार्यको लागि देहाय अनुसारको एक टकमरी सिफारिस समिति रहनेछ :-

(क) कार्यकारी निर्देशक, मुद्रा व्यवस्थापन विभाग - संयोजक

(ख) कार्यकारी निर्देशक, वित्त व्यवस्थापन विभाग - सदस्य

(ग) कार्यकारी निर्देशक, सामान्य सेवा विभाग - सदस्य

(घ) कार्यकारी निर्देशक, संस्थागत योजना विभाग - सदस्य

(ङ) कार्यकारी निर्देशक, बैंकिङ्ग कार्यालय - सदस्य

(च) निर्देशक, कानून महाशाखा - सदस्य

(छ) निर्देशक, टक्सार महाशाखा - सदस्य-सचिव

(२) टकमरी सिफारिस समितिको बैठक संयोजकको अनुमतिमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) बैठकमा बढीमा दुईजनासम्म विषयगत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) सदस्यहरूको बैठक भत्ता तोके बमोजिम हुनेछ ।

१२. **टकमरी सिफारिस समितिको काम, कर्तव्य र अधिकार** : (१) टकमरी सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) टकमरीका लागि आवश्यक कच्चा सुनचाँदी तथा अन्य धातुहरू स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारबाट खरिद गर्न सिफारिस गर्ने ।

(ख) स्मारिका सिक्का तथा मेडालियन टकमरीको लागि धातु तथा सोको गुणस्तर, डिजाइन र टकमरी गरिने संख्या निर्धारणका लागि डिजाइन समिति तथा सञ्चालक समिति समक्ष सिफारिस गर्ने ।

(ग) टकमरी कार्यका लागि आवश्यक पर्ने मेसिनरी, औजार, सीप लगायतका विषयमा गभर्नर समक्ष राय सुझाव पेश गर्ने ।

(घ) यस कार्यविधि बमोजिम **चलनचल्तीमा रहेका तर निष्कासन हुन छाडेका पुराना सिक्का**[१७], स्मारिका सिक्का र मेडालियनको पुनरमूल्यांकन वा नयाँ मूल्य निर्धारण गर्ने ।

(ङ) स्मारिका सिक्का तथा मेडालियनको बजार माग र मूल्य आदिको विश्लेषण गरी के कति संख्यामा टकमरी गर्न उपयुक्त हुने हो, सो सम्बन्धमा गभर्नर समक्ष सिफारिस गर्ने ।

(च) टकमरीसँग सम्बन्धित उपयुक्त देखिएका अन्य विषयका सम्बन्धमा गभर्नर समक्ष सिफारिस गर्ने ।

(छ) यस कार्यविधिमा संशोधन गर्न आवश्यक देखिएमा गभर्नर समक्ष सिफारिस गर्ने ।

१३. **स्वीकृति लिएर मात्र कार्य गर्नु पर्ने** : यस कार्यविधि बमोजिमको कार्य गर्दा देहाय अनुसारको निकाय तथा अधिकारीबाट स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

(क) दफा (४) को उपदफा (१) अनुसार खरिद गर्दा गभर्नरबाट ।

(ख) दफा ४ को उपदफा (३) बमोजिम खरिद गर्दा पाँच किलोग्रामसम्म सुन तथा पचास किलोग्रामसम्म चाँदी विभागबाट, दश किलोग्रामसम्म सुन तथा असी किलोग्रामसम्म चाँदी डेपुटी गभर्नरबाट र सो भन्दा माथि गभर्नरबाट ।

(ग) दफा (८) बमोजिम बिक्री गर्दा **एक किलोग्रामसम्म सुन र पचास किलोग्रामसम्म चाँदी महाशाखाबाट, पाँच किलोग्रामसम्म सुन तथा सय किलोग्रामसम्म चाँदी विभागबाट, दश किलोग्रामसम्म सुन र दुई सय किलोग्रामसम्म चाँदी डेपुटी गभर्नरबाट**[१८] र सो भन्दा माथि गभर्नरबाट ।

(घ) स्मारिका सिक्का टकमरीको हकमा नेपाल सरकारबाट ।

(ङ) नयाँ डिजाइन बमोजिमको मेडालियन र असर्फी टकमरीको हकमा समितिबाट ।

---

[१७] मिति २०७६/०२/१० को निर्णयानुसार संशोधन गरिएको ।

[१८] मिति २०७७/०२/१६ को निर्णयानुसार संशोधन गरिएको ।

(च) पूर्व स्वीकृत डिजाइन बमोजिमको मेडालियन र असर्फी वार्षिक कार्ययोजना बमोजिम आवश्यक संख्यामा पुनः टकमरी गर्दा गभर्नरबाट ।

(छ) पदकको हकमा महाशाखाका निर्देशकबाट ।

१४. **न्यूनतम मौज्दात कायम राख्नु पर्ने** : (१) टकमरी गरिएको स्मारिका सिक्का पच्चीस थान न्यूनतम मौज्दातको रुपमा ढुकुटीमा सुरक्षित राख्नु पर्नेछ ।

तर, मेडालियनको हकमा न्यूनतम मौज्दात कायम राख्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि यो कार्यविधि जारी हुनु पूर्व टकमरी गरिएको कुनै स्मारिका सिक्काको मौज्दात पच्चीस थान भन्दा कम भएमा सोलाई नै न्यूनतम मौज्दात मानी ढुकुटीमा सुरक्षित राख्नु पर्नेछ ।

१५. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधि अनुसार कार्य गर्दा कुनै बाधा अड्काउ परेमा टकमरी सिफारिस समितिको सिफारिसमा गभर्नरले फुकाउन सक्नेछ ।

१६. **खारेजी र बचाउ** : (१) यस कार्यविधि बमोजिम गरिने कार्यहरूका सम्बन्धमा यस अघि गभर्नरबाट भएका सम्पूर्ण निर्णय तथा व्यवस्था खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएका निर्णय तथा व्यवस्था बमोजिम हालसम्म भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

*******